# लिखु गाउँपालिकाको

# आर्थिक वर्ष ०७९/०८० का लागि बाह्रौं गाउँ सभामा प्रस्तुत बार्षिक बजेट बक्तव्य

## मितिः२०७९/०३/१० गते

लिखु गाउँपालिका

गाउँ कार्य गाउँपालिकाको कार्यालय

यसम, ओखलढुंगा

प्रदेश नं. ०१, नेपाल


प्रस्तोता

अस्मिता थापा

उपाध्यक्ष

सभाध्यक्ष ज्यू,

यस गरिमामय सभामा लिखु गाउँपालिकाको उपाध्यक्षको हैसियतले नेपालको संविधान बमोजिम आगामी आर्थिक वर्ष २०७९/०८० को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरव महसुस गरेको छु । म यस ऐतिहासिक क्षणमा नेपाली समाजको परिवर्तनका लागि विभिन्न समयमा भएका शान्तिपूर्ण आन्दोलनहरु सशस्त्र संघर्ष र अन्य जनसंघर्षमा भाग लिएका र नेतृत्व गरेका तमाम अग्रजहरुप्रति सम्मान व्यक्त गर्दछु । जनताको संघर्षबाट प्राप्त उपलब्धीका रुपमा स्थापना भएको स्थानीय सरकारको जनप्रतिनीधिका तर्फबाट गरिमामय सभामा नेपालको संविधानको धारा २३० बमोजिम गाउँपालिकाको बजेट प्रस्तुत गर्दैछु ।

म यस अवसरमा नेपालमा गाउँको विकासको जग बसाउँने आफ्नो गाउँ आफै बनाउँ कार्यक्रमका प्रणेता नेपालका प्रथम कम्युनिष्ट प्रधानमन्त्री स्वर्गीय मनमोहन अधिकारीलाई विशेष स्मरण गर्दछु जसको विकसित रुप आजको स्थानीय सरकार हो । त्यस्तै समयक्रममा ग्रामिण स्वावलम्वन कार्यक्रममार्फत आफ्नो गाउँ आफै बनाउँ अभियानलाई अघि बढाउँन तत्कालीन प्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइराला, कृष्ण प्रसाद भट्टराई लगायत तमाम अग्रजहरुप्रति श्रद्धा सुमन व्यक्त गर्दछु र यहि लिखुको भूमिमा गणेश गौतम सहित परिवर्तनको आन्दोलनमा लाग्दा बेपत्ता भएका ज्ञात अज्ञात सबैको स्मरण गर्न चाहान्छु । उहाँहरु सवैका परिवारजनप्रति सम्मान व्यक्त गर्दछु ।

समृद्ध नेपाल सुखी नेपाली भन्ने हाम्रो राष्ट्रिय लक्ष्य अहिले धरमराए पनि सिंगो मुलुक त्यो लक्ष्यबाट विचलित हुन सक्दैन । यो लक्ष्य हासिल गर्नका लागि योगदान गर्न “लिखु गाउँपालिकाको दृष्टि सुशासन  मार्फत समृद्धि” भन्ने मुल नाराका साथ अघि बढ्ने हाम्रो मुख्य लक्ष्य रहेको छ ।

आगामी आर्थिक वर्षमा लिखु गाउँपालिका स्थानीय सरकारले सर्वसाधारण जनतालाई प्रत्यक्ष अनुभुति हुने खालका योजनाहरुलाई सहजै कार्यान्वयन गर्नका लागि ऐन तथा कानूनहरुको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, आवधिक योजना, विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकता, जन अनुमोदित स्थानीय सरकारको नीति तथा कार्यक्रम दिगो विकासका लक्ष्य, स्थानीय सरकारको प्राथमिकताका सुझावहरु मार्गदर्शनका रुपमा लिएको छु । विभिन्न नागरिक समाज, बुद्धिजिवी , सम्पूर्ण सरोकारवाला तथा कर्मचारी वर्गहरुले दिनु भएको सुझावलाई समेत ध्यान दिएको छु ।

सभाध्यक्ष ज्यू, अब म स्थानीय सरकारको आर्थिक अवस्थाको यथार्थ जानकारी गराउन चाहान्छु ।

संघीय/प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजस्व बाडँफाड, सशर्त अनुदान र आन्तरिक आयलाई परिचालन गरि यस गाउँपालिकाका कार्यक्रमहरु संचालन गरिने छ।

अब म स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० को वजेट उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहान्छु। यस वजेटका उद्देश्यहरु निम्नानुसार हुनेछन्।

क) गाउँबासिहरुको गरिबी न्युनिकरण गर्दै जीवनस्तर सुधार गर्न न्युनतम आधारभुत आवश्यकताहरुको परिपुर्ति गर्न।

ख) संघीय, प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको महत्तम परिचालन गर्दै गाउँपालिका भित्र रहेका स्रोत साधन, राजस्वको पहिचान र परिचालन गरि गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्न।

ग) सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रेरित गर्दै भौतिक तथा सामाजिक पुर्वाधार तयार पारि समुन्नत, सुदृढ, स्वाधिन, समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्न।

घ) कृषि, पशुपन्छी, उद्योग, ब्यापार, पर्यटन, दिगो पुर्वाधार, सिंचाई , खानेपानी, विद्युत, ईन्टरनेट, खेलकुद, महिला विकास, क्रियाकलाप, दिगो पूर्वाधार सेवा संचालन वा विस्तार गर्नु।

ङ) कोभिड-१९ महामारी लगायत अन्य विपदका अबस्था सँग लड्न सक्ने स्वास्थ्य क्षेत्र साथै प्रशासनिक संरचना चुस्तदुरुस्त गरि रिक्त दरबन्दी पदपूर्ती गरिनुका साथै क्षमता विकास गर्नु।

आर्थिक वर्ष २०७९/०८० का प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छु।

क) स्थानीय तह भित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभुत मानवीय आवश्यकताहरुको परिपुर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन।

ख) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत तथा उद्योग लगायतका क्षेत्रमा पुँजी विकास परिचालन।

ग) भौतिक सामाजिक पुर्वाधारहरुको विकास गरि सडक विस्तार जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार।

घ) विपद् महामारीलाई मध्यनजर गरि त्यस बाट पर्ने असरलाई न्यूनिकरण गर्नु।

ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकम उपयोग गरि महिला बालबालिका, पिछडिएका क्षेत्र, समूदायलाई लैंङगिक समानता तथा सामाजिक समावेशीकरण, दिगो विकास वातावरण संरक्षण तथा सम्बर्धन गर्न भाषिक तथा सामाजिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने ।

च) उत्पादन मूलक छिटो प्रतिफल दिने जनताको जीबन स्तर आम्दानी तथा रोजगारी बढ्ने स्थानीय सहभागिता जुट्ने, स्वंयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने आर्थिक विकास, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।

छ) स्थानीय सरकारको आधार सुशासन नैतिक र सदाचार भन्ने अभिप्रायका साथ आम नागरिकलाई गुणस्तरिय, परिणाममुखि, छिटो छरितो सेवा प्रदान गर्न ।

ज) प्राकृतिक प्रकोपको न्युनिकरण, पर्यावरणीय संरक्षण र हरियाली प्रवर्धन गर्न ।

यस स्थानीय सरकारले वजेटको उद्देश्य हासिल गर्न, प्राथमिकतालाई कार्यान्वयन गर्न, सघं र प्रदेशसँग सहकार्य, समन्वय र साझेदारी गर्नेछ ।

सभाध्यक्ष ज्यू,

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित प्रस्तुत गर्न गई रहेको छु ।

**कृषि र पशुपन्छी:**

१. कृषि रोजगारीको बिकास मात्र नभई बेरोजगारीको अन्त्य गर्ने मुख्य आधारको रुपमा बिकास गरी पुर्ण रुपमा व्यवसायीकरण र औद्योगिकिकरण गर्दै लगिनेछ ।

२. स्थानिय तहलाई खाद्यान्नमा आत्मनिर्भर बनाई अन्य स्थानीय कृषि जन्य उत्पादनको मागलाई समेत आपूर्ति गर्न सक्ने गरी कृषिको कार्यक्रमहरु संचालन गरीनेछ ।

३. स्थानिय तहमा रहेका बाझो जमिनलाई उपयोग गर्ने करार खेतीको माध्यमवाट खेति प्रणालीको बिकास गर्ने निति लिईनेछ । गरिबीको चपेटामा पिल्सिएका नागरीकलाई बाझो जमिनहरु जोतेर कृषि उत्पादनमा रहने तर्फ डोहोर्याउने ५ कृषि उत्पादनमा स्थानिय वडा समितिसँग उचित समन्वय र सहकार्य गरि उत्पादन गरौँ गाउँपालिका सम्वृद्ध बनाऔ ।

४. स्थानीय तहमा रहेका कृषि र जडीवुटी सम्बन्धी अनुसन्धान केन्द्रहरुलाई स्तरोन्नती गरि परिचालन गरिनेछ ।

५. स्थानीय गाउँपालिकाको सबै भुमिको माटो परिक्षण गरि माटो सुहाउदो वाली लगाउन कृषकलाई प्रोत्साहन गरिनेछ। किसानको लागि आवश्यक पर्ने विउ बिजन उत्पादन र बितरण गर्ने व्यवस्था मिलाइनेछ।
६. नगदेवाली, अलैची, अदुवा, बेसार तथा फलफुलहरु उत्पादनमा विशेष क्षेत्रको रुपमा बिकास गरिनेछ।
७. गाउँपालिका भित्र औद्योगिक ग्राम स्थापना गर्दै लगिनेछ।
८. पकेट बिकास कार्यक्रम संचालन गरि बाख्राको साना व्यबसाय कृषि उत्पादन पकेट विकास कार्यक्रम संचालन गरिनेछ।
९. दीर्घकालिन बिषादी मुक्त कृषि उत्पादन वृद्धि गर्ने र प्रांगरिक किटनाशक बिषादी उत्पादन गर्ने तर्फ किसानहरुको बीचमा बिशेष अभियानका कार्यक्रमहरु संचालन गरिनेछ ।
१०. गाउँपालिका क्षेत्रभित्र बिउ बैंक, कोल्ड स्टोर संचालनमा ल्याईनेछ।
११. स्थानिय तहलाई माछा मासु तथा दुग्ध जन्य पदार्थमा आत्म निर्भर बनाई निर्यातयोग्य वस्तुको रुपमा बिकास गर्न पशुपालनको क्षेत्रमा संभाव्यता अध्ययन गरि उल्लेखित क्षेत्रमा पशु बीमा गरिनेछ र उत्पादकत्व रोजगार, राजस्वमा पुग्ने योगदानको आधारमा निजि क्षेत्रमा संस्थालाई प्रोत्साहन गरिनेछ। कृषि संकलन केन्द्रको व्यबस्था गरिएको छ।
१२. स्वस्थ र सुरक्षित मासु उपभोग गर्नका लागि गाउँपालिका भित्रको मुख्य स्थानहरुमा पशु बद्यशाला स्थापना गर्न अनुदान दिइनेछ। साथै स्वस्थकर मासु बिक्री बितरण गर्ने मासु पसल संचालनको लागी मापदण्डका आधारमा अनुदान उपलव्ध गराइनेछ।
१३. माथी उल्लेखित कृषि र पशुपन्छीसँग सम्वन्धित कार्यक्रमहरु संचालन गर्नका लागि जम्मा **९६ लाख** बिनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

**<u>पर्यटनः</u>**

१ लिखु गाउँपालिका भित्र रहेका सम्पुर्ण पर्यटकिय स्थलहरुलाई पुर्वाधार निर्माण गरी व्यवसायिक रुपमा लगानी गर्न निजि क्षेत्र तथा सहाकारीहरुलाई प्रोत्साहन गरिनेछ।
२ प्राकृतिक प्रकोपको बिपतको समयमा मानबिय उदार गर्नका लागि स्थानिय वडाहरु उपयुक्त स्थानहरुमा हेलिप्याड निर्माणलाई अगाडी वढाई भइरहेकालाई प्राथमिकता दिइनेछ।
३ गाउँपालीका भित्र रहेका पोकली झरना, भोल्टेकोट गढी, नर्मदेश्वर महादेव मन्दिर, बाङ्गे पिपल महादेवथान, मौला मन्दिर, मैताकुन्ता ढुंगढुंगे मन्दिर, दुग्देश्वर मन्दिर, गुप्तेश्वर मन्दिर, रामेश्वर पशुपति

मन्दिर, कुण्डलेश्वर महादेव मन्दिर, भकारे ढुंगा, श्रीचौंर, महाकाली देविथान, कालीदेवि थान, चण्डीथान, सेति देविथान, जालपादेविथान, सिद्धथान, राम लक्ष्मण पाइला, साम्देम छेलिङ गुम्वा, साङ्गे छोलिङ गुम्बा, प्यागर ग्याल्वो, किरातँ भोल्टेकोट, दुर्योचन्द्र खनुवा पोखरी, चुलाचुली देवी मन्दिर, चुलि डाँडा लगायत गाउँपालिका भित्रका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।

४ पर्यटकीय बिकासको लागि मुख्य स्थलहरु आसपास होम स्टेहरु संचालन गर्न प्रोत्साहन गर्ने र संघ प्रदेश सँगको सहकार्यमा पर्यटन कार्यक्रम संचालन गरिनेछ । जसका लागि **४३ लाख** विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

**जलस्रोत तथा उर्जाबिकास:**

१ तत्कालीन उर्जा बिकासको लागि स्थानिय स्तरमा रहेका साना जलबिधुत उत्पादनमा प्राथमिकता दिइ मापदण्ड निर्धारण गरी प्राथमिकताका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

२ वैकल्पिक उर्जा अन्तर्गत वायु ग्यास प्रबिधिको बिकास गर्न उपभोक्तालाई निश्चित मापदण्डका आधारमा वायो ग्यास स्थापना र संचालन गर्न अनुदान उपलब्ध गराइनेछ । केन्द्रिय विद्युत जडानगरी उज्यालो लिखु अभियानलाई जोड दिइनेछ ।

३ उर्जा सम्बन्धी जलस्रोत बिकासका लागि **२२ लाख ५० हजार** विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू

**गरिबी तथा बेरोजगारी:**

१ नेपालको संविधानमा उल्लेखित जनताको मौलिक हक तथा सम्बन्ध, नितिहरुका साथै दिगो बिकासको लक्ष्य अनुसार गरिवी घटाउने कार्यका लागि समेत स्थानिय सरकारले आवश्यक रणनिति र कार्यनितिहरु तय गरी संचालन गरिनेछ ।

२ गरिवी निवारण तथा सामुदायिक बिकासमा संलग्न संघ सस्थाहरु सँग समेत समन्वय र सहयोग जुटाउदै एकद्वार प्रणालीवाट गरिवी निवारणसँग सम्वन्धित परिणाममुखि कार्यक्रम गर्ने नीति लिइनेछ ।

३ गाउँपालिका क्षेत्रभित्रका बिपन्न तथा गरिव युवाहरुलाई स्थानीय स्तरमै रोजगारी सृजना गर्न आत्मनिर्भर गराउन बिभिन्न सीपमूलक तालिमको व्यवस्था गरिनेछ । बेरोजगार यूवालाई यूवा

रुपान्तरण कार्यक्रम संचालन गरिनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समन्वयात्मक रुपमा प्रभावकारी कार्यान्वयन गरिनेछ। जसका लागि **८० लाख** विनियोजन गरेको छु ।

४ गाउँपालिका भित्र रहेका प्राकृतिक साधन र स्रोतलाई अधिकतम सदुपयोग गर्दै घरेलु तथा साना उधोग स्थापना गर्न प्रोत्साहित गरिनेछ।

५ स्थानिय स्रोत, साधन सीप र जनशक्तिलाई प्रयोग गरि खाडी, अल्लो, ढाका, सिलाई कटाई ढाका बुनाई जस्ता सिपमुलक उत्पादन गर्न विपन्न, गरिब महिलाहरुलाई प्राथमिकता दिई अनुदानको व्यवस्था मिलाइएकोछ।

६ उद्योग तथा सिप बिकास क्षेत्रका लागि रु **३६ लाख** विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

**<u>सहकारीः</u>**

१ गाउँपालिकाको विकास र समृद्धिको मार्गलाई अगाडि बढाउनको लागि तीन खम्बे अर्थ नीतिको मूल ध्येयलाई आत्मसाथ गर्दै सार्वजनिक नीजि र सहकारी क्षेत्रको समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्न सहकारी क्षेत्रको विकास र उनन्यन तथा प्रवर्द्धन साथै सहकारीलाई कृषिमा जोड्नको लागि बिभिन्न उपभोग्य सामाग्रीको व्यवस्थापन गर्नका साथै समग्र सहकारी क्षेत्रको विकासका लागि **६ लाख** बजेट विनियोजन गरेको छु ।

**<u>लैंगिक समनता तथा सामाजिक समावेशीकरणः</u>**

१ लिंगको आधारमा हुने विभेदको अन्त्य गर्दै सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न र सोही बमोजिमको कार्यक्रम सञ्चालन गर्न साथै समाजमा देखिएका लिङ्गको आधारमा गरिएका भेदभाबलाई न्यूनिकरण गर्दै लगिनेछ।

२ गर्भवती सुत्केरी उद्धार सेवालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ। लैङ्गिक हिंसा कोषको व्यवस्था गरिएको छ। यौनहिंसा डिप्रेसन आत्महत्या नियन्त्रण जिवन महत्व सिकाउने कार्यक्रम गरिनेछ। गाउँपालिकामा महिला समस्या समाधान सहायता कक्षको सञ्चालन गरिनेछ। पाठेघर क्यान्सरका लागि VIA परिक्षण केन्द्र निर्माण गरिनेछ। गर्भवती सुत्केरी महिलाका लागि उद्धार कोषको व्यवस्था गरिएको छ।

३ महिलाहरुको क्षमता अभिबृद्धि गरि आर्थिक पहुँचमा निरभर बनाउनको लागि बिभिन्न चेतना मूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरिनेछ। सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरु जेष्ठनागरिक, वालवालिका वालविवाह, वहुविवाह, घरेलुहिंसा

जस्ता समाजमा हुने विकृति सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेट रु **१८ लाख २३ हजार** विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

**शिक्षा:**

१ जीवनोपयोगी सिपमुलक शिक्षा प्रविधि युक्त शिक्षामा जोड दिई दक्ष जनशक्ति विकास गरिनेछ। बिद्यालय जाने उमेरका सवै बालवालिकाहरुको बिद्यालय भर्ना सुनिश्चित गरिनेछ। प्राविधिक शिक्षालय स्थापना गर्नलाई संभाव्यता अध्ययन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

२ सुचना प्रबिधि मैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पुर्वाधारको व्यवस्था मिलाइनेछ । विद्यालयमा प्रविधिको विस्तार तथा शैक्षिक सामग्री निर्माणका लागि सहयोग गरिनेछ । आवश्यकता अनुसारको दरवन्दी मिलान गर्दै लगिनेछ ।

३ प्रत्येक वडामा एक व्यवस्थित खेल मैदान निर्माण गरि संचालन गर्न खेलकुद प्रतियोगिता संचालन गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिका स्तरमा व्यवस्थित खेल मैदान रङ्गशाला स्थापनाको लागि कार्य थालनी गरिनेछ।

४ विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम तथा विद्यालयमा बिभिन्न कार्यक्रहरु स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । वालबिकास केन्द्रहरुलाई विशेष प्राथमिकतामा लिई आवश्यक स्रोत साधन सम्पन्न बनाई संचालनमा जोड दिइनेछ।

५ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई व्यवस्थित रुपमा सेनिटरी प्याड वितरण गरिनेछ । गाउँपालिका भित्र रहेको आधारभूत विद्यालयहरु मध्येबाट छनौट गरी कुनै एक विद्यालयलाई नमूना विद्यालयको रुपमा सञ्चालन गर्दै लगिने व्यवस्था गरिनेछ।

६ सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षाका लागि गुरुयोजना बनाइ शिक्षाको स्तरोन्नती गरिनेछ । सवै सामुदायिक विद्यालयलाई सूचना तथा संचारको पहुँच पुर्याउने कम्प्युटर शिक्षा उच्चतम प्रयोगमा ल्याईनेछ। १२ कक्षाको परीक्षा सकेर बसेका विद्यार्थीहरुलाई सिप विकास कार्यक्रम सञ्चालनमा ल्याइनेछ । विद्यालय तहमा स्काउट कार्यक्रम सञ्चालन गरिनेछ । खेल र खेलाडिलाई प्रोत्साहन गर्दै खेलबाट गाउँपालिकालाई चिनाउने अभियान सहित गाउँपालिका स्तरीय खेलकुद आयोजना गरिनेछ साथै विद्यालय तहमा राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ।

७ शिक्षा तर्फ माथि उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नको लागि **१३ करोड ३३ लाख ५० हजार** विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

**स्वास्थ्य :**

१ स्वस्थ नागरिक स्वस्थ गाउँपालिका भन्ने निति अवलम्वन गरिनेछ । गाउँपालिका भित्रका जनताहरुको स्वस्थकर जीवनयापन गर्ने प्रणाली सुधार गरिनेछ। सुर्ति तथा मदिरा जन्य पदार्थहरुको उत्पादन, बितरण समुचित ढंगले नियमन गरिनेछ।

२ गाउँपालिकामा प्रत्येक वडाहरुमा दक्ष जनशक्ति, औषधी उपकरण, प्रविधि सहितको "एक वडा एक स्वास्थ्य संस्था अभियानलाई पुर्णता दिइनेछ। गाउँपालिका भित्रका सवै नागरिकलाई नेपालको संविधानले प्रत्याभुति गरे वमोजिम स्वास्थ्य सेवाको पँहुचको सुनिश्रितता प्रदान गरिनेछ।

३ स्वस्थ शरीर र सकारात्मक सोच व्यक्तित्व बिकास गर्नका लागि ध्यान योग जस्ता कार्यक्रममा जोड दिइनेछ। गाउँपालिका भित्रका जडिवुटी र औषधीहरुको सदुपयोग गर्दै औषधी प्रवर्धनमा जोड दिइनेछ। यस स्थानिय तह अन्तर्गतका सवै स्वास्थ्य संस्थामा वर्थिङ सेन्टरलाई विस्तार गरिनेछ। वर्थिङ सेन्टरका लागि आवश्यक औजार उपकारणको व्यवस्था गरिनेछ।

४ आकस्मिक रुपमा दिइने प्रसुति सेवा जस्ता महत्वपुर्ण सेबालाई आवश्यक थप जनशक्तिको व्यवस्था मिलाइनेछ। सवैका लागि निशुल्क आधारभूत स्वास्थ्यलाई सार्थक बनाउन स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण औषधीको प्रर्याप्तताको सुनिश्चितता गरिनेछ र स्वास्थ्य सुधार कार्यक्रमलाई निरन्तरता दिनेछ। स्वास्थ्य संस्थाको खम्वाको रुपमा रहेका महिला स्वास्थ्य स्वयं सेबिकाहरुको निस्वार्थ र बिना पारिश्रमिक गरिएको अमुल्य सेवालाई उचित सम्मानका साथ प्रोत्साहनको व्यवस्था गरिनेछ।

५ गाउँपालिकालाई पुर्ण खोप सुनिश्चित गा.पा. घोषणाको कार्यक्रम गरिनेछ । गाउँपालिकामा स्वास्थ्य विमा कार्यक्रम अनिवार्य तथा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । आयुर्बेद घुम्ति शिविर कार्यक्रम गरिनेछ। आयुर्बेदिक मातृ सुरक्षा कार्यक्रम साथै योग शिविर कार्यक्रम संचालन गरिनेछ।

६ स्वास्थ्य संस्थाहरुलाई आवश्यकता अनुसार भौतिक सामाग्रीको व्यवस्था गरिनेछ । स्बास्थ्य संस्थाहरुमा रहेका कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ। सरसफाई सम्बन्धी बिशेष कार्यक्रम संचालन गरि हरेक वडामा कम्तिमा २।२ वटा सार्वजानिक शौचालय "एक घर एक करेसा वारी" "एक घर एक फोहोर संकलन खाल्टो" "एक घर एक टोकरी" अभियानलाई पुर्णताका साथ कार्यान्वयन आवश्यक स्रोतको व्यवस्था गर्दै कार्यान्वयन गरिने छ।

७ जेष्ठ नागरिक पूर्ण अपाङ्गता भएकालाई सवै वडामा चिकित्सक सहितको घुम्ति टोली मार्फत स्वास्थ्य परीक्षण गरिनेछ । ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम साथै स्वाथ्य शिविर गरिनेछ । गाउँपालिका स्तरीय पाँच शैयाको अस्पताल निर्माणलाई चाँडै सम्पन्न गरी सेवा प्रवाह गरिनेछ।

८ स्वास्थ्य र आयुर्वेद सम्वन्धी उल्लेखित कार्य गर्नको लागि लागि **५ करोड ११ लाख १८ हजार** बजेट बिनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू,

## पूर्वाधार विकास खानेपानी तथा साना सिचाई:

१ भौतिक पुर्वाधार निर्माण सम्वन्धी गुरुयोजना बनाईनेछ । गाउँपालिका क्षेत्रका सबै महत्वपुर्ण क्षेत्रहरुमा सडक संजालले जोड्ने व्यवस्था मिलाइनेछ। गाउँपालिकाका सवै वडा र भुगोललाई सम्बोधन हुने गरि स्तरउन्नति गर्ने केन्द्रीय मुल सडकलाई १२ महिनानै गाडी चल्न योग्य सडक निर्माणमा प्राथमिकताको साथ योजना कार्यन्वयन गरिने छ।

२ गाउँपालिका क्षेत्रमा रहेका मुख्य-मुख्य सडक सँग जोडिएका महत्वपुर्ण खोलानालामा मोटररेवल पुल निर्माण कार्यलाई अगाडी बढाउन पहलकदमी गरिनेछ । भौतिक पुर्वाधार सम्वन्धी दिगो बिकास संचालनार्थ गुरु योजना तयार गरि कार्यान्वयन गरिनेछ।

३ गाउँपालिका, वडा, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आमा समूह सञ्जाल, खोप केन्द्र भवन र बिद्यालयहरुका लागि व्यवस्थित भवन निर्माणको लागि प्राथमिकताका साथ, औचित्यताका आधारमा मापदण्ड तयार गरि निर्माण कार्य संचालनको व्यवस्था मिलाइनेछ।

४ अव निर्माण हुने भौतिक पुर्वाधारहरु अपाङ्ग मैत्री, वालमैत्री हुने सुनिश्चितताको प्रतिवद्धताका साथ आवश्यक व्यवस्था मिलाइनेछ। सुरिक्षित आवास कार्यक्रमलाई निरन्तरता दिदै लगिनेछ। यस गाउँपालिकासँग पश्चिम तर्फ जोडिएको लिखु खोलामा अत्यावश्यक स्थलहरुमा पक्कि पुल निर्माणमा पहल गरिनेछ साथै निर्माणाधिन पुलहरुको सिघ्र कार्य सम्पादनको लागि जोड दिइनेछ।

५ गाउँपालिका भित्र रहेका खेती योग्य जग्गाहरुको लागि सिंचाई सुविधा उपलब्ध गराउन विभिन्न संघ संस्थाहरुसंग साझेदारी गरी सिंचाई योजनाहरु संचालन गरिनेछ। मुख्य मुख्य सडक, पर्यटन, सिंचाईको लागि संघ प्रदेशसँगको साझेदारी कार्यक्रमहरु गरिनेछ।

६ गाउँपालिका स्तरीय गौरवका योजनाहरुलाई कार्यान्वयन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ। गाउँपालिका भित्रका जनतालाई दिगो एवं व्यवस्थित र सरसफाई युक्त खानेपानीको व्यवस्था मिलाइनेछ।

७ गाउँपालिका भित्र सम्पुर्ण घरधुरिमा एक घर एक धारा अभियानलाई अविलम्ब पूर्णरुपमा कार्यान्वयन गरिनेछ। पूर्वाधार विकास अन्तर्गत **११ करोड ३० लाख ९२ हजार** बिनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू,

**वन वातावरण तथा विपद् व्यवस्थापन :**

१ गाउँपालिकाको सम्वृद्धिको लागि वन जंगलको सहि सदुपयोग गर्ने नीति अघि वढाइनेछ। गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने जडिवुटी र वन पैदावरसँग सम्वन्धित उद्योगहरु स्थापना गरिनेछ यस्ता उद्योगमा सहकारी, निजि र सहकारीको साझेदारी रहनेछ।

२ जलवायु परिवर्तनको लागि स्रोत संरक्षणका कार्यलाई विशेष कार्यक्रमका साथ अगाडि वढाइनेछ। स्थानिय वातावरणको अनुकुलका वन पैदावारका बिस्तार विविधिकरण र वातावरण संरक्षणको व्यवस्था गरिनेछ। हरियाली प्रवर्दन कार्यक्रम अन्तरगत खालि जग्गाहरुमा वृक्षरोपनलाई प्रोत्साहन गरिनेछ।

३ विपद् रोकथाम तथा प्रतिकार्य कार्यक्रम सञ्चालन गरिनेछ। प्रकोप तथा विपद् व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याइनेछ। विपदमा परेका नागरिकको उद्वारका लागि सहुलियत स्वरुप सहयोग प्रदान गरिनेछ साथै विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ।

४ वाताबरण तथा विपद् व्यवस्थापन लागि **३० लाख** विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

१ कानुनको शासन, प्रत्येक नागरिको मौलिक हकलाई प्रत्याभूत गराउनको लागि सुरक्षा संयन्त्रलाई समन्वायात्मक ढंगबाट परिचालन गर्न सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन मातहतका कार्यालयहरु बीचमा सहकार्यमुलक भूमिका निर्वाह गरिनेछ। सुरक्षा चौकीलाई आवश्यक भौतिक व्यवस्था मिलाइनेछ।

२ नागरिक सुरक्षा र जनचेतनाको लागि सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई अझ प्रभावकारीताका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिका सुरक्षा व्यवस्थासँग सम्वन्धित कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ।

सभाध्यक्ष ज्यू,

**सुशासन :**

१ जनतालाई गाउँपालिका स्तरमा भएका निर्णय र क्रियाकलापहरुको सार्वजनिकिकरण गरिनेछ ।

२ चुस्त दुरुस्त सक्षम कर्मचारी संगठनको व्यवस्था गर्दै जनताका काम छिटो छरितो गरि सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

३ सुशासनलाई प्रवद्धन गर्नको लागि सुचना तथा प्रबिधिलाई प्राथमिकतामा दिइ काम काज प्रशासनको नीति अवलम्बन गरिनेछ ।

४ सुचनालाई प्रविधिले काममा प्रभावकारी वनाउनको लागि E-governance system अपनाइनेछ । यसको लागि सुचना प्रविधिको नयाँ अबधारणाहरु प्रयोगमा ल्याइनेछ र विद्यालय स्वास्थ्य संस्था प्रयटकीय क्षेत्रहरुमा इन्टरनेटको व्यबस्था गरिनेछ ।

५ नयाँ संरचना, कर्मचारी अभाव, भौगोलिक कठिनाई, कानूनी अस्पष्टता र अन्यौलताका बावजूद पनि सार्वजनिक सेवा प्रवाह र सुशासनलाई पहिलो प्राथमिकता दिंदै जनताको सुख दुःखमा अभिभावकत्व ग्रहण गर्दै सम्पूर्ण वडामा नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै सेवा प्रवाह मार्फत गाउँ गाउँमा सिंहदरवारको अनुभूति गराउन स्थानीय सरकार सदा प्रयत्नशील रहनेछ ।

६ स्थानीय सरकारले लिएका नीतिहरुको कार्यान्वयनबाट स्थानीय नेतृत्वको विकास र स्थानीय शासन पद्धति सुदृढ हुने प्रशस्त आधारहरु तयार भएका छन् ।

७ सार्वजनिक सेवाम प्रशासनीक सेवा सञ्चालन तथा सुशासन प्रवर्धनका लागि रु **६ करोड ९५ लाख २४ हजार ९ सय ९९** वजेट बिनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू

**सामाजिक न्याय तथा सुरक्षा :**

१ लैङ्गिक समानताका लागि सचेतना कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२ घरेलु हिंसा, जातिय विभेद, छुवाछुत सम्बन्धी कुरिती अन्त्यका लागि सचेतना अभिवृद्धि गर्दै तत सम्बन्धी प्रचलित कानुनलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३ वालवालिकाहरुको हक अधिकार र संरक्षण सम्बन्धी गतिविधि संचालन गर्दै, वालमैत्री अपाङ्ग मैत्री पुर्वाधार बिकासमा ध्यान दिईनेछ ।

४ समाजमा विद्यमान अन्य कुरिति घरेलु हिंसा जन्य प्रथाहरुलाई क्रमश अन्य गर्दै जान विशेष कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

५ जेष्ठ नागरिकहरुको संरक्षण जेष्ठ नागरिक अपाङ्ग एवं असहाय महिला आदिलाई परिचय पत्रको व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।

६ महिलाको उत्थान र सम्वृद्धिका लागि सीप मुलक तालिम संचालन गरिनेछ ।

७ संघीय सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्तालाई वितरण गर्नका लागि चुस्त रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ । जसका लागि **६ करोड ९१ लाख ५८ हजार ८ सय ३२** विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

१४. आ.व. २०७९/८० का लागि बजेटका आय स्रोतहरु प्रस्तुत गर्न चाहान्छु ।

| सि.नं. | श्रोत | रकम |
|---|---|---|
| १ | संघीय राजश्व | ६ करोड ८९ लाख ५० हजार |
| २ | प्रदेश राजश्व | २६ लाख ६ हजार ६ सय ८१ |
| ३ | संघीय समानीकरण | ८ करोड ३४ लाख |
| ४ | प्रदेश समानीकरण | ४३ लाख ८ हजार |
| ५ | संघीय समपूरक | १ करोड ८० लाख |
| ६ | प्रदेश समपूरक | १ करोड |
| ७ | संघीय विशेष | ५० लाख |
| ८ | प्रदेश विशेष | ०.०० |
| ९ | संघीय सशर्त | १९ करोड ५८ लाख |
| १० | प्रदेश सशर्त | ७९ लाख १५ हजार |
| ११ | आन्तरिक श्रोत | १ करोड २९ लाख ९५ हजार ३ सय १८ |
| १२ | सामाजिक सुरक्षा | ६ करोड ९१ लाख ५८ हजार ८ सय ३२ |
| जम्मा | | ४७ करोड ८१ लाख ३३ हजार ८ सय ३१ |

**सभाध्यक्ष ज्यू,**

आगामी वर्षका निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न जम्मा ४७ करोड ८१ लाख ३३ हजार ८ सय ३१ मध्ये चालु तर्फ ३२ करोड ७२ लाख २६ हजार ८ सय ३१ र पूजीँगत तर्फ १५ करोड ९ लाख ७ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

यो वजेट तर्जुमाको सिलसिलामा मार्ग निर्देशन गर्नु हुने आदरणीय अध्यक्ष ज्यु, विषयगत समितिका संयोजक, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु र यो वजेट तयार गर्ने सहयोग तथा सुझाव दिनुहुने सम्पुर्ण सभाका सदस्यप्रति म आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।
अन्त्यमा आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउनका लागि यो वजेट कार्यान्वयनको क्रममा सबै पक्षको पुर्ण सहयोग प्राप्त हुने बिश्वास लिएको छु ।

**धन्यवाद ।।**

अस्मिता थापा

उपाध्यक्ष